प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/१२/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. पूर्व बैठकहरुको समिक्षा सम्बन्धमा ।
२. वडा तथा नगरको सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।
३. अतिक्रमित जग्गाको विवरण संकलन गर्ने सम्बन्धमा ।
४. उत्पादनमा आधारित अनुदान सम्बन्धमा ।
५. निजी र सार्वजनिक वन विकास तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा ।
६. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व मा आज भन्दा पहिला भएका १३ वटा बैठकको प्रस्ताव अनुसार भएका सवै निर्णयहरुको अध्ययन गरियो । पूर्व बैठकबाट भएका निर्णयहरु मध्ये अधिकाशं निर्णयहरु समयमै कार्यान्वयन भएका केही निर्णयहरु कार्यान्वयनकै अवस्थामा रहेको पाईयो । निर्णयहरु मध्ये मिति २०८०/४/२८ को निर्णय नं. ७ मा विपदका कारण पूर्णक्षति भएका ६ जनाको घरको दोस्रो र तेस्रो किस्ता भुक्तानीको नभएकोले भुक्तानीको लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरिएकोमा उक्त रकम निकासा नभएकोले पुनः ताकेता गर्ने र मिति २०८०/४/२८ को निर्णय नं.५ मा लामोसमय देखि सम्पन्न हुन नसकेका यस नगरपालिकाको वडा नं. ३ मा रहेको ठाडा प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल भवन निर्माण, वडा नं. ३ कै डमरुदह क्षेत्रको सडक, वडा नं. ४ अमराई सानादह सडक र वडा नं. १२ को हिलेखोला रजिया सडक नेपाल सरकारका विभिन्न निकाय मार्फत निर्माण सुरु भएतापनि कार्य लामो समय सम्म कार्य सम्पन्न हुन नसकी अधुरो भएकाले समयमै सम्पन्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिने भनि निर्णय भई सोही बमोजिम पत्राचार गरिएकोमा हाल सम्म कार्य नभएकोले पुनः सम्बन्धित निकायलाई पत्राचार गर्ने साथै मिति २०८०/६/४ को निर्णय नं. ४ मा नगरपालिका क्षेत्र भित्रको विकास निर्माणमा प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा जस्ता स्थानीय निर्माण सामाग्री सम्बन्धित आयोजनाले नगरपालिका क्षेत्र भित्रबाट प्रयोग गरेमा सो को रोयल्टी पालिकालाई बुझाउनु पर्ने समेतको निर्णय भएकोमा हाल सम्म नगरपालिकाबाट संचालित योजनाको मात्र रोयल्टी प्राप्त भएको अन्य निकायबाट संचालन भएका योजनाको रोयल्टी प्राप्त हुन नसकेकोले रोयल्टी बुझाउने व्यवस्थाको लागि सम्बन्धित निकायलाई पुन ताकेता गरी पत्राचार गर्ने र यदी सो गर्दा समेत रोयल्टी असुल हुन नसकेमा कानुनी प्रकृया अवलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा गर्दा यस नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित वनाउदै जनताले सहज रुपमा सेवा प्राप्त गर्ने गरी नगरपालिका तथा वडाबाट कार्य गर्ने र निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

## वडा कार्यालय तर्फ

क) वडा अध्यक्ष कुनै कारणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउँ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पिक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले सिफारिस गरी कार्यालयबाट र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई वस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन कर्मचारीको उपलब्धतालाई मध्यनजर गरी सकेसम्म हेल्प डेक्सको स्थापना गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक लगाउनु पर्ने ।

ङ) वडा कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

च) सवै वडाहरुमा कलर प्रिन्टरको व्यवस्था, नेट लाई सवै वडाहरुमा व्यवस्थित गर्नु पर्ने र इनभटर तथा व्यट्री समेतलाई सवै वडामा चालु अवस्थामा ल्याउने व्यवस्था मिलाउने ।

## नगरपालिका तर्फ

क) नगरपालिकामा हेल्पडेक्स निर्माण गर्ने, सोधपुछ कक्षको स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी तोक्ने र सेवा प्रवाह सेवा ग्राहिले अनुभुती गर्ने गरी सहज, छिटो, चुस्त गराउन आवश्यक व्यवस्थापन गर्ने ।

ख) कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, सार्वजनिक सुनुवाई, डिजिटल सुचना प्रणाली, नागरिक वडापत्रलाई व्यवस्थित गर्ने ।

ग) कर्मचारीले मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरणको श्रृजना गर्ने र अनिवार्य रुपमा पोशाक लगाउने व्यवस्था मिलाउने साथै खाजा खाने समय भन्दा बाहेकको समयमा कर्मचारी शाखामा वसी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

घ) सेवा प्रवाहलाई टोकन सिस्टम बनाउने, आवश्यक प्रकृया पुरा गरी पेश भएका सवै कार्य र सेवाहरुको शाखासँग सम्बन्धित शाखाले सोही दिन सम्पादन गर्ने गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

(ङ) जिन्सी प्रणालीलाई व्यवस्थित गर्नको लागि नेपाल सरकारले उपलब्ध गराएको पार्म्स सफ्वेयर संचालनमा ल्याउदै जाने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको च.नं. २११७ मिति २०८०/११/१५ गतेको पत्रसाथ गृह मन्त्रालयको पत्रबाट नेपाल सरकारको नाममा सरकारी प्रकृति र सार्वजनिक प्रकृतिको

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

जग्गाहरु कहि कतै अतिकमित भएको भए अतिक्रमित क्षेत्रफल सहित तोकिएको फरमेटमा यथासिघ्र पठाउन भनि लेखि आएकोले उक्त प्रकृतिका जग्गाहरु वडामा अतिकमित भएको भएमा तोकिएको फारममा भरी पठाउने व्यवस्था मिलाउन सवै वडामा फारम पठाउने र एकिकृत गरी जिल्ला प्रशासन कार्यालय अ.खा.मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत आ.व.को उत्पादनमा आधारित अनुदान वितरणको लागि १३ औं नगर सभाबाट पशु उत्पादनमा आधारित प्रोत्साहन भनि रु ८० लाख र कृषि उत्पादनमा आधारित प्रोत्साहन भनि रु २० लाख गरी उत्पादनमा आधारित अनुदानको लागि रु १ करोड रकम विनियोजन भएकोमा उक्त रकमबाट कार्यपालिकाको निर्णय अनुसार ४ लाख कृषि उपज संकलन केन्द्र निर्माण खर्च भएको र बाँकी रहने रु ९६ लाख बाट कृषि तथा पशु उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण गर्नु पर्नेमा स्थलगत अनुगमन पश्चात अनुदान दिने रकम सो भन्दा बढी कायम हुन आएकोले प्रोत्साहन दिने रकमको माथिल्लो सिमा प्रति किसान कृषि तर्फ रु १ लाख र पशु तर्फ रु १ लाख कायम गरी घटाउने र सो बाट समेत नपुग भएमा समान प्रतिशतका आधारमा घटाई दुई किस्तामा किसानको खातामा रकम जम्मा गरि दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा समय अभावका कारण अध्ययन हुन नसकेकोले आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अनुगमन समितिका अध्यक्ष एवं नगर उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । अनुगमनले समयमै योजना तोकिएबमोजिमको कार्य सम्पादन गर्न सहज भई रहेकोले सकेसम्म अनुगमनलाई अझै बढाउदै जाने र प्रतिवेदनमा उल्लेख भएबमोजिम आगामी दिनमा वजेट विनियोजन गर्दा योजना अधुरो हुने गरी वजेट विनियोजन नगर्ने तर्फ ध्यान दिने र सकेसम्म वजेट विनियोजन भन्दा पहिला लागत अनुमान तयार गरी सो का आधारमा वजेट विनियोजन गर्ने तर्फ ध्यान दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाको नगरकार्यपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा उत्प्रेषण परमादेश सहितको रिट नं. सम्बत २०८० सालको मु.न.०८०WO-०१७२ को निवेदनका सन्दर्भमा यस कार्यालयको तर्फबाट छलफलको लागि तथा प्रतिउत्तरपत्र लेखी दर्ता गरी पूर्पक्ष समेत गर्न र सो को अख्तियारी समेत दिनको लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय

प्रमाणित प्रतिलिपि

अधिकृत श्री अर्जुन शर्मालाई जिम्मा दिने साथै यस नगरपालिकाको तर्फबाट तत्कालिन प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनालले करार बमोजिमको दायित्व पुरा गराई पाउँ भन्ने श्री अर्घाखाँची जिल्ला अदालतमा दायर गर्नु भएको मुद्दा नं. ०७८- CP- ०१५० को फैसला मिति २०८० साल मंसीर १४ गते भएकोमा सो मुद्धाको फैसला बमोजिमको प्रकृया अगाडी बढाउन तथा सो को अख्तियारी समेत दिन यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन शर्मालाई जिम्मा दिने ।

(ख) विभिन्न विद्यालय संचालन तथा कक्षा थपको लागि अनुमती माग गरी आएकोले तपशिलका विद्यालयहरु संचालन तथा कक्षा थपको लागि आगमी तीन वर्ष सम्म यस नगरपालिकाको कुनै आर्थिक दायित्व नपर्ने गरी अनुमती दिने ।

(१) शिव प्रारम्भिक वाल विकास केन्द्र शिनपा १० काठेखोला वाल विकास केन्द्र संचालन अनुमती

(२) गंगा आधारभुत विद्यालय शितगंगा १४ विकमसोता कक्षा ४ संचालन अनुमती

(३) शंकर ज्योती आधारभुत विद्यालय शितगंगा न.पा.९ लौरी कक्षा ९ संचालन अनुमती

(ग) रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि २०८० लाई संसोधन गर्नको लागि विद्यायन समिति मार्फत पेश हुन आएकोले सो लाई संसोधन गरी रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि पहिलो संसोधन २०८० स्वीकृत गर्ने र सोही कार्यविधिको परिच्छेद २ को ३ को (घ) बमोजिमका सदस्यहरुमा वडा नं. १ का वडा अध्यक्ष मान बहादुर सिंजापती र वडा नं. ७ का वडा अध्यक्ष देविराम घिमिरेलाई तोक्ने ।

(घ) समग्र नगरको विकास निर्माणको लागि वजेट माग गर्न संघीय सरकारको वजेट निर्माण कार्य सुरु हुन लागेकोले यस नगरपालिकाको तर्फबाट नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र आवश्यक्ता अनुसार ५ जना सम्म वडा अध्यक्षहरु डेलिगेसनमा जाने ।

(ङ) मिति २०८० चैत्र ८ गते यस नगरपालिकाको वडा नं. १४ को विकममा एकिकृत घुम्ती सेवा संचालन गर्ने र सोही दिन सोही स्थानमा नगरपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यकम समेत संचालन गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।